
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७९।८० को चौथो त्रैमासिक (बैशाख - असार) को प्रगति विवरण

(PROACTIVE DISCLOSURE)




नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चौथो त्रैमासिक प्रतिवेदन (२०८० बैशाख देखि २०८० असारसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

राष्ट्रिय परिचयपत्रसम्बन्धी आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रिय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख भएको थियो। नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भएको। तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा केन्द्रीय पञ्जीकरण विभागको स्थापना भएको। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णयानुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेको केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएको।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) मा "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।", धारा ५१ (च) (७) मा "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने"। धारा ४३ मा "आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्ट कार्ड वितरण गर्ने परिकल्पना गरेको।

**१.पन्ध्रौं योजना:** पन्ध्रौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना **(Game Changer Program)** को रुपमा राखेको छ।

**२.नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७९/८०):** राष्ट्रिय परिचयपत्रलाई तदारुकताका साथ वितरण गरिनेछ। यसलाई सबै प्रकारका सेवाप्रवाहमा क्रमश आवद्ध गर्दै लगिनेछ। व्यक्तिगत घटना दर्तालाई विधुतीय प्रणालीमा आवद्ध गरी वडास्तरसम्म विस्तार गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई एकद्धार प्रणालीबाट सञ्चालन गरिनेछ।

**३.डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**४.आ. व. २०७९/०८० को बजेट वक्तव्य:** आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको थियो भने आ व २०७९।०८० को बजेटमा निम्नानुसार व्यवस्था गरिएको छः
<u>बुँदा नं १८६</u>: विपन्न, जेष्ठ नागरिक, एकल महिला र सीमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जिवनवृति रकमलाई निरन्तरता दिएको छु।
<u>बुँदा नं १८७ :</u> सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समुहका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामी आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु। सामाजिक सुरक्षा भत्ता नलिन स्व:घोषणा गर्ने लाभग्राहीहरुलाई सरकारद्धारा सम्मान गरिनेछ।
<u>बुँदा नं १८८:</u> सामाजिक संरक्षण र सुरक्षा कार्यक्रमलाई यथार्थपरक र वस्तुनिष्ठ रुपमा एकद्धार प्रणालीमार्फत सञ्चालन गर्न सामाजिक आर्थिक सूचना सहितको एकिकृत लगत राख्ने व्यवस्था मिलाइनेछ।
<u>बुँदा नं ३५४:</u> दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। आगामि आर्थिक वर्षभित्र थप २० लाख नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आबद्ध गरी सबै वडासम्म विस्तार गरिनेछ।

**५.गृह प्रशासन सुधार योजना, २०७८**

**(क) नीतिगत र कानूनी सूधार**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,

- राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र राष्ट्रिय परिचयपत्र सूचना व्यवस्थापन प्रणालीको अन्तरआवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

**(ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण**

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

**(ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण**

- १ वर्षभित्रमा O&M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

**(घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास**

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने।

**(ङ) सेवा प्रवाह र सुशासन**

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।
- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने।

**(च) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

**(छ) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NID MIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

६.**नेपाल सरकारको न्यूनतम साझा कार्यक्रममा समावेश भएको:** आगामी १ वर्षभित्रमा सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गरीसक्ने घोषणा भएको।( २०७९।०९।२६) मा प्रतिनिधि सभामा सम्माननीय प्रधानमन्त्रीद्धारा सम्वोधन भएको।

## <u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार</u>

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र सञ्चालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।

- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- सूचना व्यवस्थापन प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

अनुसूची - १

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
क.अधिकृत, रा.प.तृ.(विविध) - १
ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
क.अ., रा.प.अनं.प्र. (विविध) - १
ह.स.चा.श्रेणीविहीन (करार) - ५
का.स. श्रेणीविहीन (करार) - ६

**योजना अनुगमन तथा समन्वय**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
ले.अ., रा.प.तृ. (प्र./ले.) - १
ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जीकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जीकरण**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
क. इन्जि., रा.प.तृ. (विविध) - २
क. अधिकृत, रा.प.तृ.(विविध) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १
क.टे., रा.प.अनं.प्र. (विविध) (करार) -८

**विद्युतिय सेवा समन्वय**
क. इन्जि, रा.प.तृ. (विविध) - १
त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
क.टे. ,रा.प.अनं.प्र. (विविध) (करार)-४

## हाल विद्यमान रहेको जनशक्ति विवरण, स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | २०८० असार मसान्त सम्म कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | काज |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | २ | ० | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | ३ | ० | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| १३ | हलुका सवारी चालक | श्रेणीविहिन | करार | | ५ | ५ | ० | बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | ८ | ८ | ० | बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति ६ जना<br>गृह मन्त्रालयको मिति २०७८।०४।१९ को निर्णयानुसार २ जना |
| | | | | जम्मा | ४६ | ४५ | १ | |

## जनशक्ति विवरण : स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ

| क्र.सं. | पद | दरबन्दीको प्रकार | स्वीकृत दरबन्दी | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ३ जना | ३ जना | थप ३ जना काजमा |
| २ | नायब सुब्बा | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | १२ जना | ९ जना | ३ |
| ३ | कम्प्युटर इन्जिनियर | सेवा करार | १० जना | ६ जना | ४ |
| ४ | कम्प्युटर टेक्निसियन | सेवा करार | १२ जना | ११ जना | १ |
| ५ | विवरण दर्ता अपरेटर | सेवा करार, दैनिक ज्यालादारी | १०६६ जना | ७४२ | रिक्त ३२४ जना |
| ५.१ | विवरण दर्ता अपरेटर | अभियानमा खटिएका | | ४८४ जना | |
| ५.२ | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयमा | | २१९ जना | |
| ५.३ | विवरण दर्ता अपरेटर | विभाग र काठमाडौँ उपत्यकामा रहेका स्टेशनमा खटिएका | | ३९ जना | |

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत कर्मचारी विवरण:**

| सि.नं. | पद | तह | सेवा/ समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | १ | ० |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication Specialist | | | १ | १ | ० |
| ६ | Communication Officer | | | १ | ० | १ |
| ७ | Procurement Officer | | | १ | ० | १ |
| ८ | Program Officer | | | १ | ० | १ |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |
| १५ | MIS Developer/ Programmer | | | ४ | २ | २ |
| १६ | MIS Training Support Staff | | | ४ | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | ३ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| **जम्मा** | | | | २०३६ | २०१३ | २३ |

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी

- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री सूर्य बहादुर खत्री, सम्पर्क नं ९८५१३००५१९
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री दिलकुमार तामाङ, सम्पर्क नं ९८५१३००५१८
- पञ्जीकरण शाखाः निर्देशक, श्री देवी पाण्डे खत्री, सम्पर्क नं ९८५१३००५२१
- प्रशासन,योजना तथा अनुगमन शाखाः निर्देशक, श्री नवराज जैसी, सम्पर्क नं ९८५१३००५२२
- सूचना प्रविधि शाखाः सूचना प्रविधि निर्देशक, श्री आदेश खड्का, सम्पर्क नं ९८५१३००५२०

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने प्रमुख सेवा

१) राष्ट्रिय परिचयपत्र व्यवस्थापन,

२) व्यक्तिगत घटना दर्ता व्यवस्थापन,

३) सामाजिक सुरक्षा भत्ता कार्यक्रमको व्यवस्थापन।

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम
- सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ बमोजिम

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित पत्रमा तोक आदेश वा टिप्पणी उठान गरी शाखा प्रमुख (निर्देशक) वा महानिर्देशकबाट निर्णय हुने।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महानिर्देशक

## चौथो त्रैमासिक (२०८० बैशाख देखि असारसम्म) मा सम्पादित कार्यहरुको विवरणः

### १. राष्ट्रिय परिचयपत्र तर्फ

#### (क) राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन

- हालसम्मः १३१५४७४२ (अभियानमार्फत ९५४८८९० र इकाईमार्फत ३६०५८५२)

**(ख) २०८० असार मसान्तसम्म अभियान सम्पन्न भएका जिल्ला:**

- जिल्ला: ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ्ग, सुनसरी, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, चितवन, मकवानपुर, ललितपुर, भक्तपुर, दोलखा, कास्की, गोरखा, बाग्लुङ, स्याङ्जा, तनहुँ, पर्वत, मनाङ, लमजुङ्ग, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), म्याग्दी, गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम), रुपन्देही, बर्दिया, रुकुम पूर्व, कपिलवस्तु, दाङ्ग, बाँके, रुकुम (पश्चिम), सुर्खेत, सल्यान, दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर, बझाङ्ग, डोटी, अछाम, कैलाली। (५५ जिल्ला)
- स्थानीय तह: ५६१
- वडा: ५१०३ वटा

**(ग) २०८० असार मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला:**

- धादिङ, काठमाडौं, सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, बाजुरा, नुवाकोट, अर्घाखाँची, रोल्पा, प्युठान। (१३ जिल्ला)
- मुस्ताङ्ग जिल्लामा जनसंख्या कम भएकोले स्थायी विवरण दर्ता स्टेशनबाटै विवरण संकलन भईरहेको।

**(घ) २०८० बैशाखदेखि असारसम्मको मासिक विवरण संकलन :**

| महिना | जम्मा विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| बैशाख | ३२३४५९ | १८७०३० | १३६४२९ | ३ | १२ | १६५ |
| जेष्ठ | ५३०९३१ | २९०१९४ | २४०७३७ | १ | १७ | १३६ |
| असार | ४२८६०९ | २३२२८७ | १९६३२२ | २ | १६ | १५५ |
| जम्मा | १२८२९९९ | ७०९५११ | ५७३४८८ | ६ | ४५ | ४५६ |

**(ङ) राष्ट्रिय परिचयपत्र खरिद, प्राप्ती, छपाई तथा वितरण (पहिलो चरणको ११७००० सहित)**

- राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति: १ करोड २१ लाख १७ हजार
- राष्ट्रिय परिचयपत्र कार्ड छपाई: १६ लाख ३० हजार १४
- राष्ट्रिय परिचयपत्र कार्ड वितरण: १ लाख ७३ हजार ६८

- ५४ वटा जिल्ला प्रशासन कार्यालयहरुमा करिव ७ लाख ८५ हजार कार्ड वितरणका लागि पठाइएको।

> **तालिम तथा अभिमुखीकरण**

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी हालसम्म करिव १५०० जनालाई तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- कार्ड प्रशोधन, विवरण दर्ता अपरेटर एवं परिचयपत्र वितरणमा संलग्न कर्मचारी, रुजु अधिकारीहरु र राष्ट्रिय परिचयपत्र अभियान सञ्चालन सम्बन्धी विभिन्न स्थानहरुमा करिव २००० जनालाई तालिम तथा अभिमुखीकरण सम्पन्न।
- २०७९।१२।०२ र ०३ गते विभागका कर्मचारीहरुलाई LMBIS तालिम प्रदान गरिएको।

## २. पञ्जीकरण तर्फ

- बैशाख १ देखि ७ गते सम्म विभाग र ७५३ वटै स्थानीय तहमा विभिन्न कार्यक्रमहरु आयोजना गरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाईएको। व्यक्तिगत घटना दर्ता सप्ताह-२०८० सन्दर्भमा बैशाख १ गते सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, माननीय गृहमन्त्री तथा विभागका महानिर्देशकज्यूको शुभकामना सन्देश गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको। व्यक्तिगत घटना दर्ता सप्ताह-२०८० सन्दर्भमा बैशाख १ गते गोरखापत्र राष्ट्रिय दैनिकमा पञ्जीकरण सम्बन्धी झलक प्रकाशन गरिएको र नेपाल Telecom का मोवाईल मार्फत व्यक्तिगत घटना दर्ताका सम्बन्धमा जनचेतना अभिवृद्धिका लागि Ring Back Tune बजाउनुका साथै SMS समेत पठाइएको।
- GIS enabled CRVS विकास गरिएको।
- स्थानीय तहबाट विभागमा राय माग भई आएका पत्रहरुको लिखित जवाफ पठाईएको।

> **अनलाईनमार्फत असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**

-अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या - ६६४८

-जन्म - २७८८४७८

-मृत्यु - ७००१४०

-विवाह - १११६६६४

-सम्बन्ध विच्छेद - ४८९८१

-बसाई सराई - ६१६७२६

**कूल जम्मा घटना दर्ता संख्या - ५२,७०,९८९**

➢ **अनलाईनमार्फत बैशाख देखि असारसम्म मासिक रुपमा भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण:**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | | | | | | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाईं सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| बैशाख | ९७४८४ | १९१३४ | २७९२९ | १४१०६ | २१६७ | १६०८२० | ३२ |
| जेष्ठ | ७८०४५ | १९३०७ | ३३२५३ | १७३४३ | २४९५ | १५०४४३ | २२ |
| असार | ४९७४७ | १५५८६ | २२९३४ | ११२२१ | १७८१ | १०१२६९ | १३ |
| **जम्मा** | २२५२७६ | ५४०२७ | ८४११६ | ४२६७० | ६४४३ | ४१२५३२ | ६७ |

## ३. सामाजिक सुरक्षा कार्यक्रम तर्फ

- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई बैंक खातामा नियमानुसारको भत्ता रकम EFT मार्फत वितरणका लागि ५० वटा स्थानीय तहसँग समन्वय गरी नमूना परिक्षण गर्न गृह मन्त्रालयको मिति २०७९/१२/१६ को (सचिवस्तर) निर्णयानुसार स्वीकृति प्राप्त भएको।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत विद्युतीय प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणसँग सम्बन्धित Disbursement Link Indicator (DLI) 4 को Verification को लागि Ernst and Young LLP (EY), Branch Office Nepal सँग परामर्श सेवा खरिद सम्झौता भई प्रतिवेदन प्राप्त भएको।
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा खाता खोल्ने, रकम जम्मा गर्ने, प्रतिवेदन गर्ने र हिसाव मिलान गर्ने लगायत कार्यका लागि यस विभाग र बैंक तथा वित्तीय संस्थाहरु बिच API प्रणाली लागु गर्न तीन वटा बैंकहरुसँग नमूना परिक्षण गर्न स्वीकृत भएको।
- "सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकहरुको मुख्य अनलाइन प्रणाली र विभागको **VERSP-MIS** प्रणाली आवद्धता गर्न विभागको अनलाइन प्रणालीमा **API (Application Programming Interface)** प्रणाली तयार भएको।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई बैंक खातामा नियमानुसारको भत्ता रकम **EFT** मार्फत पठाउन छनौट भएका ५० वटा स्थानीय तहमा चालु आ.व को चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता **EFT** मार्फत पठाउन महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी **API** लगायतको प्राविधिक कार्य पुरा गरी सम्बन्धित स्थानीय तहका कर्मचारीलाई अनलाइन तालिम प्रदान गरिएको।
- सामाजिक सुरक्षाको विनियोजित बजेट रु १ खर्ब ०५ अर्ब ७० करोड ५० लाख भएकोमा सो रकम नपुग भई अर्थ मन्त्रालयमा रु.५ अर्ब ११ करोड ६४ लाख ०९ हजार ७ सय छैसठी माग भई

गएकोमा रु.४ अर्ब ६८ करोड ८३ लाख ८९ हजार ५६ थप निकासा भई असार महिना सम्ममा कुल प्राप्त अख्तियारी रु.१ खर्ब १० अर्ब ३९ करोड ३३ लाख ८९ हजार ५६ रहेको छ।

- चालु आ.व.को असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता ३ आश्रम र ७५३ स्थानीय तहहरुमा निकासा खर्च रु १ खर्ब ०८ अर्ब ०४ करोड १४ लाख ७० हजार ८ सय १० रहेको छ।
- ५० वटा स्थानीय तहका ४ लाख ५७ हजार ७ सय २८ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता विद्युतीय माध्यम (EFT) मार्फत वितरण गर्न नमुना परिक्षण भएकोमा ४ लाख ७ सय ४० जना लाभग्राहीलाई (EFT) मार्फत वितरण गर्न सफल भएको र REJECT भएका लाभग्राहीको साविक वमोजिम बैंक खातामा भत्ता रकम जम्मा गर्ने कार्य भएको।

- **बैशाख देखि असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या:**

| क्र.सं. | लाभग्राही वर्ग | भत्ता दर | बैशाख | जेष्ठ | असार |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | ४००० | १६१९७०७ | १६३०८०८ | १६०७२९६ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | २६६० | १६३२१ | १६६२४ | १५९५३ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | २६६० | १४९८९७ | १५२९४३ | १४६७४० |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | २६६० | २१२२३६ | २१२९७१ | २११२१३ |
| ५ | विधवा | २६६० | ३३५८२७४ | ३६१६३९ | ३५५२८७ |
| ६ | पूर्ण अपाङ्गता (क वर्ग) | ३९९० | ६५६४६ | ६६३३४ | ६४९७३ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | २१२८ | १३७३९३ | १३८९७९ | १३५९८१ |
| ८ | लोपोन्मुख जाती | ३९९० | २१९४६ | २२०२७ | २१९०४ |
| ९ | लोपोन्मुख (बालवालिका) | ३९९० | ३६० | ३४२ | ३५१ |
| १० | बालबालिका (दलित) | ५३२ | ३७४९१२ | ३८१३५५ | ३६८७२२ |
| ११ | बालबालिका (क्षेत्र तोकिएको) | ५३२ | ८०७५२९ | ८२१०१४ | ७९४८८६ |
| कुल जम्मा | | | ३७६४२२१ | ३८०५०३६ | ३८००१०८ |

## ४. हाल सञ्चालनमा रहेका सूचना व्यवस्थापन प्रणाली

- NID-MIS
- Public Portal - Pre-Enrollment (NID-MIS)
- VERSP-MIS
- Public Portal - Notification (VERSP-MIS)
- SSRP - MIS

- GMS- Grievance Management System
- Digitization System
- Archiving Application System,
- Progress Tracking System

**NID-MIS को अन्य विद्युतीय सेवासँग आवद्धता (Integration)**

- २०७८।०८।०१ बाट राहदानी विभागसँग System Integration भई राष्ट्रिय परिचयपत्रमार्फत e-Passport बनाउन Verification गर्ने कार्य भएकोमा हाल राहदानी विभागको विद्युतीय प्रणालीसँग राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली पूर्ण रुपमा आवद्धता भई राहदानी लिने नागरिकका जैविक तथा वैयक्तिक विवरणहरु प्रमाणीकरण भइरहेको छ।
- चिकित्सा शिक्षा आयोगसँग सम्झौता भइ मेडिकल अधिकृत प्रवेश परीक्षामा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य भएको।
- कर्मचारी संचयकोष, आन्तरिक राजश्व र दूर सञ्चार सेवासँग आवद्धताका लागि छलफल भइरहेको।
- अन्य निकायहरुसँग आवद्धताका लागि निरन्तर छलफल भइरहेको र NID Authentication Platform स्थापना र विकासको लागि आगामि आ.व को वार्षिक कार्यक्रममा राखिएको।

**VERSP-MIS को अन्य विद्युतीय सेवासँग आवद्धता (Integration)**

- गृह मन्त्रालयको CIMS सँग VERSP-MIS System Integration भएको
- SSRP पोर्टल मार्फत VERSP-MIS System बैंकको System सँग Integration भएको,
- स्वास्थ्य मन्त्रालयको BRMS (Birth Reg. Management System) र DRMS ( Death Reg. Management System) सँग VERSP-MIS System Integration भएको,
- अध्यागमन कार्यालय त्रि.अ.वि को नेपाली पोर्ट सँग System Integration भएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालयको LEGAL प्रणाली र राष्ट्रिय किताबखाना (निजामति) को PIS सँग Service Integration भएको।
- कन्सुलर सेवा विभागसँग अन्तर आवद्धता भई VERSP MIS system बाट Verify गर्ने कार्य भइरहेको।

- अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) सञ्चालन भएका वडा कार्यालय तथा स्थानीय तहमा अनिवार्य रुपमा VPN मार्फत VERSP-MIS सञ्चालन गरिएको।

## गुनासो व्यवस्थापन तर्फः

- गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त
  - २०८० असार महिनासम्म गुनासो दर्ता भएको संख्या जम्मा ६११ वटामा विभागसँग सम्बन्धित ६११ शतप्रतिशत फछ्यौंट भएको।
  - २०८० असार महिनामा मात्र दर्ता भएको गुनासो १ वटा रहेको।
- इमेल मार्फत प्राप्त
  - २०८० असार महिनासम्ममा प्राप्त भएका गुनासो कुल जम्मा २६३ वटा मध्ये २६३ वटै फछ्यौंट भएको।
  - २०८० असार महिनामा मात्र प्राप्त गुनासो ८ वटा रहेको।
- हेलो सरकार मार्फत प्राप्त
  - २०८० असार महिनासम्ममा प्राप्त गुनासो २८२ मध्ये २८२ वटै फछ्यौंट भएको।
  - २०८० असार महिनामा मात्र प्राप्त गुनासो १० वटा रहेको।

## आ.व. २०७९/०८० असार मसान्तसम्मको Milestone प्रगति विवरण

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | (८०-१००% प्रगति) | आंशिक (५०-८०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | १० | १९ | १२ | १ | २ | ४ |
| सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२ | ४ | १० | ५ | १ | १ | ३ |
| **जम्मा** | १४ | २९ | १७ | २ | ३ | ७ |
| **प्रगति प्रतिशत** | | | ५८.६२ | ६.९ | १०.३४ | २४.१४ |

## वित्तीय प्रगति

ब उ शि नं ३१४०१०११३।४ चालु आ ब २०७९।८० को बार्षिक खर्चको स्थिति विबरण। खर्च प्रतिशत (रकम रु हजार मा)

| बजेटको प्रकार | कुल बजेट | | | जम्मा खर्च | | | खर्च प्रतिशत | | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | IDA | जम्मा | नेपाल सरकार | IDA | जम्मा खर्च | नेपाल सरकार | IDA | |
| पूजीगत | २७६१२० | ९२१०० | ३६८२२० | १२५६२३.२६ | ७७७९४.४९ | २०३४१७.७५ | ४५.५० | ८४.४७ | ५५.२४ |
| चालु | १५९७९४९ | १३६७९६ | १७३४७४५ | १५३०९३३.७८ | ५१५३९.७२ | १५८२४७३.५० | ९५.८१ | ३७.६८ | ९१.२२ |
| जम्मा | १८७४०६९ | २२८८९६ | २१०२९६५ | १६५६५५७.०४ | १२९३३४.२१ | १७८५८९१.२५ | ८४.९२ | | |

## सूचना अधिकारी र प्रमुखको नाम र पद:

कार्यालय प्रमुखः महानिर्देशक, श्री झक्कप्रसाद आचार्य सम्पर्क नं. ९८५११४०००९

सूचना अधिकारीः निर्देशक, श्री नवराज जैसी, सम्पर्क नं. ९८५१३००५२२

## ऐन, कानुन, नियम, कार्यविधि र निर्देशिकाको सूची:

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ (गृह मन्त्रालयको कार्यक्षेत्र)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ (पहिलो संशोधन २०७८)
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली ,२०७६ (दोस्रो संशोधन २०७९)
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ (पहिलो संसोधन २०७६)
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेभसाईटको विवरण</u>**: https://donidcr.gov.np

**Email: info@donidcr.gov.np**

**कार्यालय सम्पर्क नं**: 014200014, 014200895 **Help Desk**: 014200014

**Toll Free No.** १६६००१९६६६६ (घटना दर्ता सम्बन्धी समस्या भएमा)

**Call Center**: 015970449 (राष्ट्रिय परिचयपत्रसम्बन्धी कुनै गुनासो वा समस्या भएमा)

**<u>सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:</u>**

विश्व बैंकको ऋण सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना (SSSPCR) सञ्चालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

विभागसँग सम्बन्धित सूचनाहरू निरन्तर सम्प्रेषण भइरहेको।

**समाप्त**